"कृषि, पर्यटन र पूर्वाधारः समृद्ध गङ्गाजमुनाको मूल आधार"

# गङ्गाजमुना गाउँपालिकाको स्थानीय रोजगार रणनिति

(आ.व. २०८२/०८३-२०८६/०८७ सम्म)

गङ्गाजमुना गाउँपालिका
फूलखर्क, धादिङ ।

## रोजगार रणनीति, २०८२

गङ्गाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, फूलखर्क,
धादिङ
बागमती प्रदेश, नेपाल

**रोजगार रणनीति,२०८१**

**सर्वाधिकार @ गङ्गाजमुना गाउँपालिका।**

गङ्गाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,फुलखर्क
धादिङ
बागमती प्रदेश, नेपाल।
वेभसाइः Url: www.gangajamunamun.gov.np,
Email: info@gangajamunamun.gov.np

# मन्तव्य

नेपालको संविधानले नेपालको संघीय संरचना तिन तहको हुने व्यवस्था गरेको छ। तिनै तहका सरकारहरुको संचालन गर्न एकल र साझा अधिकारहरुको सुनिश्चिता गरिएको छ। श्रम तथा रोजगारी सम्बन्धि हकलाई संविधान मौलिक हकको रुपमा सुनिश्चित गरिएको छ।साथै संविधानमा श्रम तथा रोजगारी सम्बन्धि नीति अन्तर्गत विभिन्न नीतिहरुको व्यवस्था गरिएको छ।श्रम तथा रोजगारी सम्बन्धि अधिकारलाई कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धि ऐन तथा नियमवाली जारी भई कार्यन्वयनमा समेत रहेको छ। तिनै तहका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउन आवश्यक कार्यक्रम संचालन गर्न सक्ने कानुनी व्यवस्था समेत रहेको छ।रोजगारी बहुआयमिक र अन्तरसम्बन्धि विषय भएको यो कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट सिर्जना नभई विभिन्न तह, क्षेत्र तथा कार्यक्रम बिच समन्वय र सहकार्य गरी आर्थिक मात्रामा रोजगारी सिर्जना गर्न सकिन्छ।देशमा बढ्दै गरेको बेरोजगारी समस्यालाई समाधान गर्न तथा आन्तरिक रोजगारीका पर्याप्त अवसरहरुको अपर्यप्तताका कारण रोजगारीका लागि वैदेशिक रोजगारीमा जाने बाध्यात्मक अवस्थालाई निरुत्साहित गर्न स्थानीय तह भित्रै आन्तरिक रोजगारीका पर्याप्त अवसरहरु सिर्जना गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरि आवश्यकता अनुसार सिपयुक्त, दक्ष, प्रतिस्पर्धा र क्षमतावान जनशक्ति तयार गरी श्रम बजारमा आपूर्ती गर्ने अभिप्रायले यस गङ्गाजमुना गाउँपालिकाको रोजगार रणनीति, २०८२ तर्जुमा गरिएको छ।यस रोजगार रणनीतिबाट प्रभावकारी परिणामको अपेक्षा गर्दै शुभकामना व्यक्त गर्दछु।

भक्त बहादुर लामा
गाउँपालिका अध्यक्ष

# भुमिका

नेपालको संविधानले श्रम तथा रोजगारीलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। गाउँपालिकामा आर्थिक तथा सामाजिक विकासको गतिविधि न्यून रहेको रोजगारीको अवसरमा कमि हुनु स्वभाविक हो। आन्तरिक रोजगारीका थप अवसरहरु सिर्जना हुन नसक्दा अधिकांश युवाहरु वैदेशिक रोजगारीमा जान बाध्य रहेको छ। दक्ष जनशक्तिको अभावमा उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा भारतीय कामदारहरुले काम गरिरहेको अवस्था छ। नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमुलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको छ।

गाउँपालिका भित्र रोजगारीको अवसर कसरी वृद्धि गर्न कुन कुन क्षेत्रमा वृद्धिको सम्भावना छ, सीप, प्रविधि, श्रमशक्ति, वित्तीय पहुँच, श्रोत साधन, यातयातको साधन, परिवहनको सुविधा, बजार आदिको दृष्टिले कुन कुन ठाउँ र क्षेत्रमा आगामी वर्षहरुमा कति संख्यामा रोजगारी सिर्जना हुने, सार्वजनिक निजि तथा सामुदायिक क्षेत्रको भुमिका कस्तो हुने, अर्थतन्त्रका साझेदार रहेका निजि, सार्वजानिक, सामुदायिक तथा सहकारी क्षेत्रहरुले आगामी वर्षहरुमा कुन कुन क्षेत्रमा के कति रोजगारी सिर्जना गर्न सक्छन् त त्यसका लागि स्थानीय तहले के कस्ता नीतिगत व्यवस्था, वित्तिय सहयोग तथा पूर्वाधार निर्माण एंव प्रविधिको व्यवस्था गर्नुपर्दछ, लगायतका विषयहरु गाउँपालिकाको आर्थिक तथा सामाजिक समृद्धिको आधारको रुपमा आन्तरिक रोजगारीका थप अवसरहरुको सिर्जना गर्ने र दक्ष, सीपयुक्त, क्षमतावान एंव प्रतिस्पर्धी जनशक्ति तयार गरी रोजगारीमा प्रतिस्थापन गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने भएकोले **"कृषि, पर्यटन र पूर्वाधारः गङ्गाजमुनाको मूल आधार"** भन्ने मुल नाराका साथ यस गाउँपालिकाको रोजगार रणनीति योजना, २०८२ (२०८२-२०८६) तर्जुमा गरिएको छ।

सन्जय बहादुर स्याङतान
प्रमुख प्रशासकीय अधिकृत

# रोजगार रणनीति, २०८२

## विषयसूची

१. पृष्ठभूमि

२. रोजगारी सम्बन्धी कानूनी व्यवस्था

३. रोजगारीको वर्तमान अवस्था

४. रोजगारीका समस्या र चुनौतीहरु

५. रोजगारीका अवसरहरु

६. रणनीतिक योजनाको आवश्यकता

७. रणनीतिक योजना तर्जुमाका कानूनी आधार

८. सोच

९. लक्ष्य

१०. उदेश्यहरु

११. रणनीतिहरु

१२. कार्यनीतिहरु

१३. रोजगार रणनीति कार्यान्वयन समिति

१४. स्रोत व्यवस्थापन

१५. अनुगमन तथा मूल्याङ्कन

१६. जोखिम पहिचान तथा व्यवस्थापन

## गङ्गाजमुना गाउँपालिकाको रोजगार रणनीति - २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०२/२१

मुलुकमा विद्यमान बेरोजगारी र गरिबीको समस्यालाई सम्बोधन गरी दिगो आर्थिक विकास गर्न नेपाल सरकारले काम र रोजगारिलाई उच्च प्रथामिकता प्रदान गरेको छ। नेपालको संविधानको धारा ३३ मा उल्लेखित रोजगारिको हकलाई कार्यान्वयन गर्न बनेको रोजगारिको हक सम्बन्धि ऐन, २०७५ बमोजिम प्रत्येक नागरिकलाई न्यूनतम रोजगारिको प्रत्याभूतिको लागि आन्तरिक रोजगारिको सिर्जना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयनमा ल्याएको छ। मुलुकमा सरकारी, निजि, सहकारी तथा गैरसरकारीको संयुक्त प्रयास र लगानीबाट समग्र अर्थतन्त्रमा स्थायित्व कायम भई उच्च, दिगो र रोजगारमुलक आर्थिक वृद्धि हासिल गर्न तीनै तहका सरकार क्रियाशील हुनु पर्ने आवश्यक देखिएको छ। समग्र अर्थतन्त्रको विकासको लागि आय आर्जन, रोजगारी राष्ट्रिय उत्पादन अभिवृद्धि गरी गरिबी न्यूनिकरण गर्न स्थानीय तहको छुट्टै रोजगार रणनीति तर्जुमा गर्न आवश्यक भएको छ। स्थानीय तहको रोजगार रणनीति तर्जुमा र कार्यान्वयन बाट संविधानले व्यबस्था गरेको नागरिकको रोजगारीको हकको कार्यान्वयनमा सजकता आउनुको साथै स्थानीय तहको रोजगार रणनीति जारी गरेको छ। स्थानिय तहको रोजगार रणनितिले नेपालको राष्ट्रिय रोजगार निति, २०७१ ले उठान गरेका विषय तथा सन्दर्भलाई समेत ध्यान दिई स्थानीय तहको आर्थिक तथा सामाजिक क्षेत्रमा समेत प्रतिफल पुग्नेछ । नेपालको संघीय संरचना तिन तहको रहेको छ। तिनै तहका सरोकारवालाहरुलाई श्रम तथा रोजगारी सम्बन्धि संवैधानिक अधिकार प्राप्त छ। सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम संचालन गर्न सक्ने व्यवस्था गरेको छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तीको अनुगमन गरि माग र आपुर्ति विच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सिर्जना गर्न जरुरी रहेको छ। श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास काम र श्रमिकप्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ। देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य मर्यादित वातावरण सिर्जना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा नेपाली बेरोजगार व्यक्तिहरुलाई नै सफल हुने अवस्था रहन्छ, तब मात्र देशको सामाजिक, आर्थिक तथा साँस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान गर्न सक्ने देखिन्छ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन्। नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसकेका कारण श्रमको माग र आपुर्ति बिच ठुलो अन्तर रहेको देखिन्छ। नेपालको आन्तरिक श्रम बजारको प्रशोधन क्षमता न्यून रहेको छ। श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्या भन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ। परिणाम स्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेको छन्। नेपालमा जातजातीका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ। देशमा आन्तरिक रोजगारीका अवसरहरुलाई व्यवस्थापन गर्न नसकिदा दैनिक करिव २२०० व्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको विभिन्न तथ्याङ्कले देखाएको छ। औषतमा ६०

प्रतिशत भन्दा बढी घरधुरीबाट कोहि न कोहि व्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ। नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमुलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने देखिन्छ। युवा श्रमशक्तिलाई आन्तरिक रोजगारीमा परिचालन गरेको अवस्थामा मात्र देशले दीर्घकालिन रुपमा अधिकतम लाभ लिने अवस्था रहन्छ।

रोजगारी बहुआयमिक तथा अन्तरसम्बन्धित विषय हो। रोजगारीको आफ्नो कुनै विशेष क्षेत्र हुदैन। यो विभिन्न क्षेत्रहरुको सिर्जनामा कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट मात्र हुदैन। यसका लागि त सवै तह क्षेत्र र कार्यक्रम बिच समन्वय र सहकार्य हुनु आवश्यक छ। गरिबी र रोजगारी अन्तरसम्बन्धित विषय रहेकोले गरिबी बढ्दा बेरोजगारी बढ्छ, रोजगारी बढ्दा बेरोजगारी घट्छ र यसले गरिबी घटाउन मद्दत गर्दछ। रोजगारीले गरिबी तथा बेरोजगारी बिचको सन्तुलन कायम गरेको हुन्छ। त्यसैले दिगो आर्थिक वृद्धि गरिबी तथा बेरोजगारी न्यूनीकरण मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ। उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाँउछ र यसले बेरोजगारी तथा न्यून रोजगारीलाई कम गर्दछ। शिक्षा र रोजगारी बिचको अन्तरसम्बन्ध पनि एकदम महत्वपूर्ण हुन्छ। शिक्षा नै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने, सीपयुक्त दक्ष, सक्षम, प्रतिस्पर्धा र क्षमतावान जनशक्ति उत्पादन गर्ने काम गर्छ। प्राविधिक र जीवनपयोगी शिक्षामा पहुँचको कमिका कारण देशमा बेरोजगारी दर बढ्दो रहेको छ। रोजगारीसँग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीमा विपन्न वर्गको पहुँच स्थापना गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ।

यस गाउँपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरु सिर्जनामा अहम् भूमिका निर्वाह गर्न सक्ने मुख्य सम्भावित क्षेत्रहरु कृषि क्षेत्र, निर्माण क्षेत्र, उत्पादन क्षेत्र, यातयात क्षेत्र, पर्यटन क्षेत्र, उद्यमशिलता विकास र सीप तथा क्षमता विकास हुन्। उक्त क्षेत्रहरुमा के कति लगानी वा के कति लगानी वृद्धि गर्दा आन्तरिक रोजगारीका अवसरहरु आर्थिक रुपमा वृद्धि गर्न सकिन्छ। गाउँपालिकाले के कस्तो रणनीति अपनाउनुपर्छ वा कुन क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ। सम्भावित रोजगारीका क्षेत्रहरुमा गरिएको लगानीलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेमा दीर्घकालमा त्यसले आन्तरिक रोजगारीमा के कस्तो योगदान गर्न सक्छ, त्यसको आकंलन गर्न जरुरी रहेको छ।

नेपालमा बढ्दै गएको बेरोजगारी दरमा कमी ल्याउन स्थानीय स्तरमा कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकारखानाको माध्यमबाट थप रोजगारीका अवसरहरु सिर्जना गर्नुपर्दछ । अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरुलाई सीपमूलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरि उद्योग तथा कलकारखानाहरुमा आपूर्ति गरी औद्योगिक उत्पादनमा बृद्धि गर्नुका साथसाथै लघु, घरेलु तथा साना उद्योगहरुको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत र साधनको अधिकतम परिचालन तथा उपयोग गरी स्थानीय तह भित्रै स्वरोजगारी वा रोजगारीका थप अवसरहरु सिर्जना गर्नु आवश्यक रहेको छ ।

यस गाउँपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरुमा आवश्यक दक्ष जनशक्तिको रुपमा काम गर्ने जालि भर्ने, सोलिङ गर्ने, घर पलास्टर गर्ने, ईलेक्ट्रिसियन, प्लम्बिङ, पेन्टर कार्पेन्टर, मेसन, स्काफोल्डर, मार्बल फिटिङ्ग लगायत अन्य श्रमिक मजदुरहर मध्ये अधिकांश भारतीय मुलका रहेका छन्। यी क्षेत्रमा नेपाली श्रमिक

मजदुरहरु अदक्ष कामदारको रुपमा काम गर्ने गर्दछन्। यस क्षेत्रमा रोजगारीका सम्भावनाहरु प्रशस्त रहेकोले बजार मागको आधारमा दक्ष, सीपयुक्त जनशक्ति तयार गरि बजारमा दक्ष जनशक्तिको आपूर्ति गरी भारतीय मुलका श्रमिक मजदुरहरुलाई विस्थापित गर्दै जानुपर्ने देखिन्छ ।

यस गङ्गाजमुना गाउँपालिका पर्यटन क्षेत्र लगायत रोजगारीको प्रचुर सम्भावना तथा मुख्य स्रोतहरु मध्ये एक हो । गाउँपालिका भित्रको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्विक एवं साँस्कृतिक सम्पदा, जल विहार आदि पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ। यी सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विविधिकरण गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, विकास, प्रवर्द्धन गर्दै यस क्षेत्रमा थप रोजगारीका अवसरहरु सिर्जना गर्न सकिन्छ ।

उद्यमशीलता उत्पादन र स्वरोजगारीको महत्वपूर्ण साधनको रुपमा रहेको छ । स्थानीय स्तर देखि नै उत्पादन र उत्पादकत्व बृद्धि गर्न तथा स्वरोजगारी सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशिलता प्रदान गर्न उद्यमशीलताको विकास अपरिहार्य रहेको छ। बढ्दो बेरोजगारी समस्यालाई सम्बोधन गर्न तथा बेरोजगारहरुलाई स्वरोजगार बनाउन स्थानीय तहले स्वरोजगार हुन चाहने बेरोजगार युवाहरुलाई लक्षित गरी स्थानीय स्तरमा उपलब्ध श्रम, स्रोत र साधन, पूँजी र प्रविधिको उपलब्धताको आधारमा रोजगार सेवा केन्द्र मार्फत वित्तीय पँहुच, व्यवसायिक सीप विकास तालिमहरु संचालन गरी दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्नुपर्छ । वैदेशिक रोजगारीबाट प्राप्त सीप, पूँजी र प्रविधिलाई उद्यमशीलताको विकास र प्रवर्द्धनमा परिचालन गरी गाउँपालिका भित्र आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गरी बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्दै जानुपर्दछ ।

स्थानीय तहले आफ्नो क्षेत्रभित्र निजी, सहकारी तथा गैर सरकारी क्षेत्रहरुमा सिर्जना हुन सक्ने रोजगारीका अवसरहरुको पहिचान गरी नक्साङ्कन गर्न जरुरी छ । पहिचान भएका क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिक कति संख्यामा आवश्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको अवस्था के छ श्रमिकहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप वा दक्षताको अनुमान गरी माग र आपूर्ति बीच सन्तुलन कायम गर्नुपर्दछ। स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरी रोजगारीको सम्भाव्यता, सीप विकास, रोजगार गन्तव्यको नक्साङ्कन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जुमा गर्नु अपरिहार्य देखिन्छ। रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न सहयोग पुग्ने देखिन्छ।

## २. रोजगारी सम्बन्धी कानूनी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा समेटिएको छ । रोजगारीको हकमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भनिएको छ । संविधानको धारा ५१ को खण्ड (झ) मा श्रम र रोजगार सम्बन्धी नीति समावेश गरिएको छ । जसमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चितता गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिबृद्धि

गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सु-सम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अगिंकार गरेको छ। प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न े रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता प्रदान गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ।रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार व्यक्तिहरुलाई न्यूनतम एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ ।

मुलुकको जनशक्तिलाई अन्तर्राष्ट्रिय बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै उनीहरुको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उदेश्यका साथ वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयन भईरहेको छ।नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाई सक्षम श्रम बजारको माध्यमद्धारा उत्पादनशील, मर्यादित एवम् सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाई गरिबी निवारणमा योगदान पुऱ्याउने दुरदृष्टि रहेको राष्ट्रिय रोजगार रणनीति, २०७१ कार्यान्वयनमा रहेको छ।पन्ध्रौ योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता गराउने सोचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेख्य रुपमा कमी ल्याउने लक्ष्य राखेको छ ।

## ३. वर्तमान अवस्थाको विश्लेषण

नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ । यसैगरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ । नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ । यसैगरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ र २६.३ प्रतिशत रहेको छ । रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बागमती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ । बेरोजगारी दर लाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशमा ७ प्रतिशत रहेको छ । नेपालको सबै प्रदेशहरुमा बेरोजगारी दर फरक फरक रहेको देखिन्छ । यसको अर्थ सबै प्रदेशहरुमा रोजगारीका अवसरहरु पनि समान रुपमा रहेको देखिँदैन । जसको परिणामस्वरुप श्रम बजारको माग र आपूर्ति बिचको सन्तुलन समेत नभएको देखाउँछ । प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी बागमती प्रदेशमा ४७.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ । अनौपचारिक तथा असंगठित क्षेत्रमा ६२.२ प्रतिशत व्यक्तिहरु दैनिक ज्यालादारीमा, मजदुरी तथा श्रमिकको रुपमा कामकाज गरी जीवन निर्वाह गर्ने गरेको देखिन्छ ।

गङ्गाजमुना गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ मा सुचिकृत बेरोजगार व्यक्तिहरुको संख्या ९५९ रहेकोमा पुरुष ५२८ र महिला ४२० जना मध्ये रोजगारिमा संलग्न व्यक्ति २३१ जना रहेको छ । आर्थिक वर्ष २०७७/०७८ मा सुचिकृत बेरोजगार व्यक्तिहरुको संख्या ९१४ रहेकोमा पुरुष ६९९ र महिला २१५ जना मध्ये रोजगारिमा संलग्न २८९ जना रहेको छ । आर्थिक वर्ष २०७८/०७९ सुचिकृत बेरोजगार व्यक्तिहरुको संख्या ९२१ रहेकोमा पुरुष ६०१ र महिला २८० जना मध्ये रोजगारिमा संलग्न २८० जना रहेको छ । आर्थिक वर्ष २०७९/०८० मा सुचिकृत बेरोजगार व्यक्तिहरुको संख्या ८३२ रहेकोमा ६१४ जना पुरुष र २१८ जना महिला मध्ये १०८ जना रोजगारीमा संलग्न रहेको छ । त्यस्तै वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको मुख्य गन्तव्य मुलुक भारत, दुबई, साउदी अरब, मलेसिया, कतार, कोर्सिया, रोमानिया, कुवेत जस्ता मुलुकहरू जानेको संख्या बढी रहेको छ। आर्थिक वर्ष २०७९/०८० को बैशाख महिना बाट स्थानीय तहमा श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिको पनि काम गरिदै आएको छ।श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिको लागि काम गर्दा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको मुख्य पेशा बढी मात्रामा लेबर, कुकमा ज्यादै कम, वइटर, मेशन, सेक्युरिटि गार्ड, मेसिन अपरेटर र क्लिनर जस्ता कामको लागि विदेसिएको पाइएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गङ्गाजमुना गाउँपालिकामा जम्मा ४८१२ परिवार संख्या रहेको छन्।उक्त परिवार मध्ये ३१३९ जना पुरुष, १६३८ जना महिला र ३५ जना अन्य लैङ्गिक समुहका मानिसहरु पाइएका छन । गङ्गाजमुना गाउँपालिकाबाट जम्मा १६३८ जना वैदेशिक रोजगारिमा रहेका छन ।

वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीव्र, दिगो र रोजगारमूलक आर्थिक बृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ ।पन्ध्रौ योजनाले आ.व. २०८०/०८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९ प्रतिशत र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ।त्यस्तै आ.व. २०८०।०८१ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र वि.सं. २१०० सम्ममा ७० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । हाल नेपालको बेरोजगारी दर ११.४ प्रतिशत लाई वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको छ ।

यस गाउँपालिकाले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि विभिन्न सेवाहरु दिदै आएको छ। वैदेशिक रोजगारीको क्रममा श्रम स्वीकृति को अवधि भित्र रोजगारिमा जाने ब्यक्तिहरुको मृत्यु भएमा परिवारको पढ्ने बालबालिकाको लागि १८ वर्ष सम्म बैदेशिक रोजगार वोर्डले छात्रवृद्धी बापतको रकम समेत उपलब्ध गराएको छ।वैदेशिक रोजगारीमा जानु पूर्वको सचेतना, वैदेशिक रोजगारीबाट प्राप्त कमाइको सदुपयोग र रोजगारीबाट फर्के पछिको ज्ञान, सीपलाइ सदुपयोग गर्न विभिन्न परामर्श सेवा प्रदान गर्दै आएको छ।त्यस्तै मनोसामाजिक परामर्श सेवा पनि दिदै आइरहेको छ । विभिन्न वडाहरुमा गइ वित्तिय साक्षरता कार्यक्रमहरु पनि संचालन गर्दै आइरहेको छ ।

गङ्गाजमुना गाउँपालिकाको आ. व. २०८१/०८२ को नीति तथा कार्यक्रममा पनि रोजगारी सिर्जनाको लागि विशेष प्राथमिकता दिइएको छ।गाउँपालिका बासीहरुमा ब्यापक रोजगारी सिर्जना गर्न एक वडा एक उत्पादनको नीति अनुसार मापनयोग्य कार्यक्रमहरु सञ्चालनको लागि पहल गरिएको छ। हरेक वडाको बेग्ला बेग्लै पहिचान स्थापित हुने गरी एक वडा एक पकेटको कार्यक्रम पनि अगाडी बढ्दै एक वडा एक उत्पादन कार्यक्रम अघि

बढाइने कुरा उल्लेख छ।उद्यमशीलता विकास कार्यक्रमलाइ संघको रुपमा संचालन गरी उत्पादन, सेवा र रोजगारी सिर्जना गरीने उल्लेख छ।

गङ्गाजमुना गाउँपालिकामा विगत ५ बर्षदेखि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्दै आइरहेको छ । आ.ब. अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत बेरोजगार र रोजगार प्राप्त व्यक्तिहरु तपसिलः बमोजिम रहेका छन् ।

तपसिलः

| आ.ब. | सुचिकृत बेरोजगारको संख्या | रोजगार प्राप्त व्यक्तिको संख्या |
|---|---|---|
| २०७६/०७७ | ९५९ | २३१ |
| २०७७/०७८ | ९१४ | २८९ |
| २०७८/०७९ | ९२१ | २८९ |
| २०७९/०८० | ८३२ | १०८ |
| २०८०/०८१ | १६०३ | १२१ |
| ०८१/०८२ | १५९५ | - |
| ०८२/०८३ | १९०३ | - |

## ४. रोजगारीका समस्या र चुनौतीहरु

रोजगारमैत्री लागानीलाई प्रोत्साहन गर्न नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी र प्रविधिको परिचालन हुन नसक्नु, घरेलु तथा साना उद्योग धन्दाको कमी हुनुका साथै थप विस्तार गर्न कठिनाई हुनु, उद्यमशीलता एवं स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु, सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु, काम प्रति सम्मानको कमी हुनु, श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, उत्पादनशील रोजगारी पर्याप्त रुपमा सिर्जना हुन नसक्नु, श्रम बजार सूचना प्रणालीको अभाव हुनु, स्थानीय रोजगारदाताहरुको पहिचान एवं सूचीकरण नहुनु, श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु आदि रोजगारीका समस्याहरु रहेको छ । रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्नु, रोजगार सेवा केन्द्रलाई सक्षम र सवल बनाउनु, गाउँपालिकामा रहेका रोजगारीको अवसरहरुको पहिचान तथा नक्साङ्कन गर्नु, श्रम बजारको माग अनुसारको सीपमूलक दक्ष जनशक्ति तयार गर्नु, रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्साङ्कन गर्नु, श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, स्थानीय पाठ्यक्रमलाई व्यवहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु ,कृषिको आधुनिकीकरण तथा कृषि उपजको न्यायोचित बजारीकरण गर्नु , पर्यटन प्रवर्द्धनका उपायहरु पहिल्याउनु, सीप प्रविधी र व्यवसायिक तालिमको प्रभावकारी व्यवस्थापन गर्नु आदि रोजगारीका मुख्य चुनौतीहरु रहेको छ ।

## ५. रोजगारीका अवसरहरु

श्रम तथा रोजगारी सम्बन्धी हक नेपालको संविधानमा मौलिक हकको रुपमा स्थापित हुनु, श्रम तथा रोजगारमैत्री कानुनहरु निर्माण हुनु, रोजगार सेवा केन्द्रको स्थापना हुनु, श्रम तथा रोजगारी सम्बन्धी सेवाहरु स्थानीय

तहसम्म विस्तार हुँदै जानु, न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन हुनु, रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्नु, न्यूनतम पारिश्रमिकको कानूनी व्यवस्था हुनु, युवाहरुमा उद्यमशील भावनाको विकास हुँदै जानु, आर्थिक गतिविधिहरुमा बढोत्तरी हुनु, लगानी मैत्री वातावरणको अवस्था तयार हुँदै जानु, प्राविधिक शिक्षामा सर्वसाधरणको पहुँच विस्तार हुँदै जानु आदि अवसरहरु रहेका छन ।

## ६. रणनीतिक योजनाको आवश्यकता

यस रणनीतिक योजनाको आवश्यकता देहाय अनुसार रहेको छ ।

- आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान, सिर्जना तथा प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्न,
- रोजगारीका क्षेत्रमा रहेका समस्याहरुको समाधान गरि रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं विधिहरुको विकास गर्न
- श्रम बजारको माग एवं उपलब्ध अवसर अनुसार दक्ष, व्यवसायिक, सीपयुक्त र प्रतिस्पर्धी र क्षमतावान श्रमशक्ति तयार गर्न,
- रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही बनाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न,
- श्रम तथा रोजगारीको हकलाई कार्यान्वयन गर्न,
- वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन,
- उद्यमशीलताको विकास तथा प्रवर्द्धन गर्न,
- सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनः एकीकरणमा सहयोग र सहकार्य गर्न,
- श्रम बजारमा विपन्न वर्गमा सहज पहुँच स्थापना गर्न,
- श्रम बजारको माग र आपूर्ति बीच सन्तुलन कायम गर्न,
- श्रम प्रति सम्मान अभिवृद्धि गर्न ।

## ७. रणनीतिक योजना तर्जुमाका कानूनी आधार

यो रणनीतिक योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित रोजगारी तथा श्रम सम्बन्धी मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, रोजगारीको हक सम्बन्धी ऐन र नियमावली, राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, पन्ध्रौ योजना, पाँच वर्षे रणनीतिक योजना, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, दिगो विकासका लक्ष्य, नेपाल सरकारले श्रम तथा रोजगारी सम्बन्धी गरेका अन्तर्राष्ट्रिय सम्झौता एवं प्रतिवद्धता, नीति तथा कार्यक्रम, गाउँपालिकाको स्थानीय नीति, योजना तथा प्रतिवद्धताहरुलाई रणनीतिक योजना तर्जुमाको आधार मानिएको छ ।

## ८. सोच

स्थानीय श्रम शक्तिलाई प्रतिस्पर्धी र मर्यादित बनाउँदै उद्यमशीलता प्रवर्द्धन सहित रोजगारीको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई गतिशिल बनाई गरिबी न्यूनीकरण ।

**९. लक्ष्य**

रोजगारीका अवसरहरुको पहिचान गरि सोही अनुरुपको प्रतिस्पर्धात्मक दक्ष र क्षमतावान जनशक्ति उत्पादन गरेर श्रम बजारको मागलाई आपूर्ति गर्ने र स्थानीय स्तरका उद्यमहरुलाइ प्रवर्धन गरी रोजगारी सिर्जना गर्ने।

**१०. उदेश्यहरु**

१ उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरुमा वृद्धि गर्नु,
२ न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु,
३ दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्नु,
४ सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नु,
५ वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउनु,
६ आप्रवासीहरुको सामाजिक एवं आर्थिक रुपमा पुनः एकीकरण गर्नु,
७ रोजगारमैत्री लगानी प्रोत्साहन गर्नु ।
८ युवा लक्षित स्वरोजगारीको अवसर सिर्जना गर्नु ।
९ परम्परागत सीपलाई प्रविधिमैत्री बनाई व्यवसायिकरण गर्नु ।
१० स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्नु ।

**११. रणनीतिहरु**

१ आन्तरिक रोजगारीका अवसरहरुमा बृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्वद्ध सरोकारवाला तथा सेवाहरुको नक्साकन गर्ने ।
२ श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने।
३ रोजगार सेवा केन्द्रलाई सक्षम र सवल बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउने ।
४ श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पँहुच तथा क्षमता अभिवृद्धि गर्ने
५ वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनः एकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने ।
६ नविन सोच, ज्ञान, पूँजी र प्रविधिलाई उपयोग गरी स्थानीय अर्थतन्त्रलाई गतिशील र सुदृढ बनाउन उद्यमशीलताको विकास र प्रवर्द्धन गर्ने ।
७ श्रम तथा रोजगार सम्बन्धी आवश्यक तत्थ्याङ्क, प्रशोधन, प्रकाशन र प्रसारण गर्ने ।

**१२. कार्यनिति**

१२.१ **रणनीति ११.१** आन्तरिक रोजगारीका अवसरहरुमा बृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्वद्ध सरोकारवाला तथा सेवाहरुको नक्साङ्कन गर्ने सँग सम्बन्धित कार्यनीतिहरु

१२.१.१ गाउँपालिका भित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एवं रोजगार सम्वद्ध सरोकारवाला तथा सेवाहरुको नक्साङ्कन गरिनेछ ।

१२.१.२ गाउँपालिकाको विकास खर्चलाई रोजगारी सिर्जना सँग जोडिनेछ ।

१२.१.३ आन्तरिक रोजगार प्रवर्द्धन गर्नका लागि अन्तर सरकार समन्वय र सहकार्य गरिनेछ।

१२.१.४ रोजगारीका थप अवसर सिर्जना गर्नका लागि एक पालिका, एक औद्योगिक ग्राम अवधारणाको पूर्ण कार्यान्वयन गरिनेछ ।

१२.१.५ गरिबी निवारण र रोजगारी सिर्जना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा संचालन गर्न आवश्यक नीति निर्माण गर्नुका साथै अन्य तह वा निकायहरुसँग पनि समन्वय र सहकार्य गरिनेछ।

१२.१.६ कृषि क्षेत्रमा आधुनिक खेती प्रणालीको विकास गरि उत्पादित कृषि उपजको बजारिकरण गर्न संकलन केन्द्र तथा चिस्यान केन्द्रको स्थापना गरिनेछ।

१२.१.७ बेरोजगार व्यक्ति र रोजगारदाता विच समन्वय कायम गर्न ।

१२.२ **रणनीति ११.२** श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने सँग सम्बन्धित कार्यनीतिहरु

१२.२.१ विश्व श्रम बजारमा **Automation/ Artificial/ Intelligence-AI** प्रयोग बढ्दै गएको सन्दर्भमा सूचना प्रविधिको क्षेत्रमा अधिक रोजगारीका अवसरहरु सिर्जना हुने भएकोले विद्यालय शिक्षामा सूचना प्रविधिलाई प्राथमिकता दिइनेछ।

१२.२.२ गन्तव्य मुलुकको श्रम बजारको मागका आधारमा सीपमूलक तालिम संचालन गरि दक्ष जनशक्ति तयार गरि वैदेशिक रोजगारीलाई सुरक्षित बनाईनेछ ।

१२.२.३ निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सिर्जना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु जस्तैः ब्रिक मेसन, ईलेक्ट्रिसियन, पेन्टिङ्ग, स्काफोल्डर, परम्परागत सीप लगायत अन्य तालिमहरु संचालन गरि निर्माण क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरि स्थानीय श्रम बजारमा आपूर्ति गरिनेछ ।

१२.२.४ स्थानीय तहमा नयाँ नयाँ पर्यटन क्षेत्रको पहिचान, विकास र विस्तार गरि पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटेल व्यवसाय, होमस्टे, अतिथि सत्कार जस्ता विषयसँग सम्बन्धित सीप विकासमा कार्यक्रमहरु संचालन गर्न अन्य सरकारी निकाय, गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरि रोजगारी सिर्जनामा जोड दिईनेछ ।

१२.२.५ गरिबी न्यूनीकरणमा सहयोग पुग्ने गरि विभिन्न निकाय एवं क्षेत्रबाट संचालित प्राविधिक तथा व्यवसायिक रोजगारमूलक एवं सीपमूलक तालिमहरुमा समेत सहकार्य गरिनेछ ।

१२.२.६ रोजगारीको क्षेत्रमा बढ्दै गरेको प्रविधिको प्रयोगलाई मध्यनजर गरि अधिकतम रोजगारी सिर्जना हुने क्षेत्रहरुको पहिचान गरी नवीनतम सीप विकासका कार्यक्रम संचालन गरिनेछ ।

१२.२.७ रोजगार एवं स्वरोजगारमूलक शिक्षा र सीप विकास तालिम कार्यक्रम संचालन गरिरहेका सरकारी, गैरसरकारी एवं निजी क्षेत्रसँग समन्वय र साझेदारी गरिनेछ ।

१२.२.८ स्थानीय स्तरमा उपलब्ध श्रम, स्रोत साधन, पूँजी र प्रविधिको उपलब्धताको आधारमा विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, व्यवसायिक तथा प्राविधिक तालिमहरु संचालन गरी दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्न स्थानीय स्वरोजगार कोषको स्थापना गरिनेछ।

१२.२.९ रोजगारमूलक तथा सीपमूलक तालिमहरु संचालन गर्ी दक्ष जनशक्ति निर्माण गर्न बहुविषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ ।

१२.२.१० बैंक तथा वित्तिय संस्थाहरुसँगको सहकार्यमा रोजगारी सिर्जनाको लागि समन्वय गरिनेछ।

१२.३ **रणनीति ११.३** रोजगार सेवा केन्द्रलाई सक्षम र सवल बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउने सँग सम्बन्धित कार्यन्ीतिहरु

१२.३.१ रोजगार संवाद मञ्चलाई गतिशिल बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सिर्जना गर्न रोजगार सम्बद्ध सरोकारवालाहरुसँगको छलफल र सहभागितामा आवश्यक रोजगार योग्य कार्यक्रमहरु संचालन गर्न गैरसरकारी संघसस्था एवं निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

१२.३.२ स्थानीय तहभित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुको पहिचान गरि रोजगारमैत्री कार्यक्रमहरु संचालन गरि रुपान्तरण गरिदै लगिनेछ ।

१२.३.३ गाउँपालिकको विकास निर्माण आयोजनाहरुमा समेत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ ।

१२.३.४ रोजगार विनिमय सेवा संचालन गर्न रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवं सुदृढीकरण गरिनेछ ।

१२.३.५ रोजगार सम्वद्ध विभिन्न योजना, कार्ययोजना र कार्यनीतिहरु तर्जुमा गरिनेछ ।

१२.३.६ रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट बेरोजगार सहायता उपलब्ध गराईनेछ ।

१२.३.७ स्थानीय एवं राष्ट्रिय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको सूचना एवं जानकारी गाउँपालिकाको वेभसाईट तथा फेसबुक पेज मार्फत सम्प्रेषण गरिनेछ ।

१२.३.८ स्थानीय तहमा उपलब्ध सीप, अनुभव र योग्यताको आधारमा रोजगारीका अवसर उपलब्ध नभएमा अन्तर तह वा निकायसँग समन्वय गरि उपलब्ध रोजगारीका अवसरहरुमा आवश्यक पहल गरिनेछ ।

१२.३.९ रोजगारी सिर्जनाका लागि विभिन्न निकायबाट संचालन हुने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गर्नको लागि आवश्यक समन्वय गरिनेछ ।

१२.३.१० न्यूनतम रोजगार प्रत्याभूती हुने योजना तर्जुमा गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराईनेछ ।

१२.३.११ तिनै तहको सरकारको सक्रिय सहभागिता र साझेदारीमा रोजगार कार्यक्रमहरु संचालन गरिनेछ

१२.३.१२ रोजगारी सिर्जनाका लागि सक्षम र जवाफदेही संस्थागत क्षमता विकास गरिनेछ ।

१२.३.१३ सक्षम र दक्ष जनशक्तिको विकास तथा आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमूलक तथा रोजगारमूलक तालिम संचालन गरिनेछ ।

१२.३.१४ रोजगारदाताहरूको सूचिकरण अधावधिक गरिनेछ ।

१२.४ **रणनीति ११.४** श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने सँग सम्बन्धित कार्यनीतिहरु

१२.४.१ दलित महिला, शहिद परिवार, एकल महिला, अपाङ्ग तथा बञ्चितिकरण परेका वर्गहरुलाई लक्षित गरि रोजगारयोग्य कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२.४.२ रोजगारीको क्षेत्रमा देखा पर्ने लैङ्गिक, भौगोलिक, जातिगत वा अन्य सबै प्रकारको भेदभावलाई निराकरण गर्न श्रमको सम्मान, राष्ट्रको अभियानलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१२.४.३ बालश्रम, बाध्यकारी श्रम लगायत सबै प्रकारको श्रम शोषणलाई अन्त्य गर्न आवश्यक सचेतनामूलक कार्यक्रमहरु संचालन गरि निरुत्साहित गरिनेछ ।

१२.४.४ स्थानीय स्तरमा श्रम विवाद समाधान गर्न एवं असल श्रम सम्बन्ध विकास गर्न सरोकारवालाहरुसँग नियमित सम्वाद गर्न स्थानीय रोजगार संवाद मञ्चलाई सक्षम बनाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१२.४.५ रोजगारदाताले कुनै श्रमिकलाई काममा लगाए बापत नेपाल सरकारले तोकेको ज्याला दर अनुसारको पारिश्रमिक उपलब्ध नगराउने रोजगारदातालाई आवश्यक कानूनी कारवाहीको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१२.५ **रणनीति ११.५** वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनः एकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने सँग सम्बन्धित कार्यनीतिहरु

१२.५.१ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम संचालन गरि सचेतना अभिबृद्धि गरिनेछ ।

१२.५.२ वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श, लगायतका अन्य सेवाहरु संचालन गरि पुनः एकीकरणमा जोड दिईनेछ ।

१२.५.३ वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारलाई लक्षित गरि सामाजिक, आर्थिक र मनोसामाजिक रुपमा पुनः एकीकरणका लागि आवश्यक कार्यक्रम संचालन गर्न संघीय सरकार, प्रदेश सरकार र गैरसरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

१२.५.४ वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि आवश्यक पर्ने व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सम्बन्धी कार्यलाई निरन्तरता दिईनेछ ।

१२.५.५ वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक सहयोग गरिनेछ ।

१२.५.६ सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र स्थापना गरिनेछ ।

१२.६ **रणनीति ११.६** नविन सोच, ज्ञान, पूँजी र प्रविधिलाई उपयोग गरी स्थानीय अर्थतन्त्रलाई गतिशील र सुदृढ बनाउन उद्यमशीलताको विकास र प्रवर्द्धन गर्ने सँग सम्बन्धित कार्यनीतिहरु

१२.६.१ उद्यमशीलता विकास तालिम संचालन गरि स्वरोजगारी अभिबृद्धिमा जोड दिईनेछ ।

१२.६.२ वैदेशिक रोजगारीबाट आर्जन भएको ज्ञान, सीप र प्रविधिलाई प्रमाणीकरण गर्न सम्बन्धित निकायहरु सँग समन्वय र सहकार्य गरिनेछ ।

१२.६.३ वैदेशिक रोजगारीबाट प्राप्त सामाजिक तथा आर्थिक विप्रेषणलाई गाउँपालिकाभित्र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता सम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१२.६.४ उद्यमशीलता विकासमा सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरि नयाँ उद्यमी सिर्जना गरि स्वरोजगारमा बृद्धि गरिनेछ ।

१२.६.५ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक तगा आर्थिक विप्रेषणलाई उद्यमशीलता प्रवर्द्धनमा परिचालन गरि समुन्त गाउँ निर्माणमा जोड दिईनेछ ।

१२.६.६ स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार लगायत वित्तीय क्षेत्र, गैर सरकारी क्षेत्रको सहयोग र सहकार्यमा वित्तीय साक्षरता र वित्तीय पहुँच मार्फत स्थानीय तहमा उद्यमशीलता प्रवर्द्धन गरिनेछ ।

१२.६.७ गरिबी निवारण कोषद्धारा निर्मित सामुदायिक संस्थाहरुमा रहेको पूँजी र अन्य स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था गरि उद्यमी र उद्यमशीलता विकास गरिनेछ।

१२.६.८ आन्तरिक रोजगारी सिर्जनाका लागि स्थानीय प्रविधिलाई उपयोग गरि स्थानीय स्तरमा उत्पादित वस्तुको खपत तथा उपभोग गर्न प्रचारप्रसारको व्यवस्था गरिनेछ ।

१२.६.९ वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिबृद्धि गरिनेछ ।

१२.६.१० स्वरोजगार हुन चाहने व्यक्तिहरुलाई विभिन्न बैंक तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

१२.६.११ नयाँ नयाँ उद्यम व्यवसायको पहिचान र विकास गरि रोजगारी सिर्जना गरिनेछ ।

१२.६.१२ उद्यम व्यवसाय गर्न चाहने युवाहरुलाई उत्पादनशील व्यवसायिक योजनाको आधारमा उद्यमशील तथा सीप विकासलाइ पनि जोड्ने तथा सहुलियत पूर्ण ऋण उपलब्ध गराईनेछ ।

१२.६.१३ उपलब्ध श्रोत साधनको आधारमा उद्यमशीलताको विकास र प्रवर्द्धन व्यवस्थित गर्न उद्यम विकास रणनीतिक योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१२.६.१४ उद्यम व्यवसाय संचालन गर्न इच्छुक सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि निःशुल्क व्यवसाय दर्ता गरिनेछ। साथै व्यवसाय विकास सम्बन्धी निःशुल्क परामर्श सेवा उपलब्ध गरिनेछ।

१२.६.१५ व्यवसाय सम्वर्द्धन केन्द्र को स्थापना गरि उद्यमशीलता विकास र प्रवर्द्धन गरिनेछ।

१२.७ **रणनीति ११.७** श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्याङ्क, प्रशोधन, प्रकाशन र प्रसारण गर्ने सँग सम्बन्धित कार्यनीतिहरु

१२.७.१ वैदेशिक रोजगारीमा जाने र फर्किनेहरुको तथ्याङ्कलाई व्यवस्थित गरिनेछ ।

१२.७.२ बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न आवश्यक तथ्याङ्क संकलन गरिनेछ।

१२.७.३ स्थानीय तहभित्र संचालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य निजी क्षेत्रको व्यवसायिक योजनाहरुमा रोजगारीमा रहेका व्यक्तिहरुको तथ्याङ्क संकलन गरिनेछ ।

१२.७.४ स्थानीय तहभित्रबाट वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ ।

१२.७.५ स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरिंदै लगिनेछ ।

१२.७.६ सूचना प्रविधिको प्रयोग गरि स्थानीय तहभित्रका सबै घरधुरीहरुको सर्वेक्षण गरि गरिब घरपरिवारको पहिचान गर्दै परिचय पत्र वितरण गरिनेछ ।

१२.७.७ श्रम स्वीकृति र पुनःश्रम स्वीकृती गर्नका लागि श्रम तथा रोजगार शाखाको क्षमता अभिवृद्धि गरिनेछ ।

१२.७.८ गाउँपालिका भित्रका विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिहरुको तथ्याङ्क संकलन एवं व्यवस्थापन गरिनेछ ।

१२.७.९ गाउँपालिका क्षेत्रभित्र रहेका असंगठित मजदुरहरुलाई रोजगारी सेवामा समावेश गरिनेछ।

## १३. रणनीतिक योजनाको निर्देशक समिति

१३.१ यस गाउँपालिका भित्र रहेका रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्न, रोजगार सम्वद्ध सेवा एवं सरोकारवालाहरुको नक्साङ्कन गर्न, रोजगारीको हकको कार्यान्वयन लगायत रोजगारीका अन्य विषयमा आवश्यक नीति तथा रणनीतिहरुको तर्जुमा गर्ने काम स्थानीय निर्देशक समितिको रहनेछ । तर त्यस्तो नीति तथा रणनीति सँग सम्बन्धित कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्न देहाय बमोजिमको रणनीति कार्यान्वयन समिति रहनेछ ।

| | |
|---|---|
| १. अध्यक्ष गङ्गाजमुना गाउँपालिका | संयोजक |
| २. उपाध्यक्ष गङ्गाजमुना गाउँपालिका | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५. वडा अध्यक्ष २ जना | सदस्य |
| ६. आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ७. सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ८. पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ९. रोजगार संयोजक | सदस्य सचिव |

१३.२ स्थानीय रोजगार रणनीति कार्यान्वयन समितिको सचिवालयको रुपमा रोजगार सेवा केन्द्रले कार्य गर्नेछ। समितिको बैठक चौमासिक रुपमा बस्नु पर्नेछ।बैठकले रणनीति कार्यान्वयनको अवस्था एवं सुधार गर्नुपर्ने पक्षहरुको बारेमा स्थानीय निर्देशक समितिलाई जानकारी गराउनु पर्नेछ। समितिले बैठक सम्बन्धि अन्य कार्यविधि आफैले तय गर्न सक्नेछ ।

१३.३ रणनीति कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान गर्न वा आवश्यक अन्य विषयमा स्थानीय रोजगार संवाद मञ्चको सल्लाह सुझाव लिन सकिनेछ ।

१३.४ रणनीतिको सफल कार्यान्वयनका लागि रोजगार सम्वद्ध सरोकारवालाहरु सँग छलफल एवं अन्तरक्रिया गरि आवश्यकता अनुसार कार्ययोजना (मासिक, वार्षिक वा दीर्घकालीन ) निर्माण गर्न सकिनेछ ।

## १४. स्रोत व्यवस्थापन

रोजगार रणनीतिक योजना कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गाउँ कार्यपालिकाले गर्नेछ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी, राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था एवं अन्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै समन्वय र सहकार्य समेत गर्न सकिनेछ ।

रोजगार रणनीतिक योजना कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गाउँ कार्यपालिकाले गर्नेछ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था एवं अन्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै समन्वय र सहकार्य समेत गर्न सकिनेछ ।

## १५. अनुगमन तथा मुल्याङ्कन

स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ। अनुगमन प्रतिवेदनको आधारमा गाउँ कार्यपालिकाको पृष्ठपोषण बमोजिम स्थानीय निर्देशक समितिले रोजगार सम्वद्ध सरोकारवालाहरुसँगको छलफल एवं परामर्शमा रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएमा सुधार गर्नुपर्ने पक्षहरु समेटिएको प्रतिवेदन गाउँ कार्यपालिकालाई पेश गर्नुपर्नेछ । रणनिति कार्यान्वयनबाट पहिचान गरिएका विभिन्न क्षेत्रहरुमा रोजगारीका अवसरहरुमा भएको बृद्धि एवं देखिएको प्रभाव सम्बन्धमा स्थानीय निर्देशक समितिको राय परामर्शमा रणनीति कार्यान्वयन समितिले तेश्रो पक्षबाट रणनीतिको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

## १६. जोखिम पहिचान तथा व्यवस्थापन

रोजगार रणनीतिक योजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

(क) स्रोतको व्यवस्थापन

(ख) सरकारी, गैर सरकारी, सहकारी, निजी क्षेत्र र विकास साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य ।